National News

17/10/2025

<u>प्रमुख समाचार</u>

- राष्ट्रपतिले भन्नुभयो, आदि कर्मयोगी अभियान आदिवासी गाउँलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन शुरू गरिएको हो
- श्रीलंकाकी प्रधानमन्त्रीको प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट
- रक्षा मन्त्रीद्वारा तेजस LCA-MK १A लडाकू जेट विमानको अनावरण
- गृह मन्त्रीद्वारा बिहारमा चुनाउ अभियान शुरू
- चुनाउ आयोगको प्रवर्तन एजेन्सीका प्रमुखसित बैठक सम्पन्न

- <u>President - Adi Karmayogi</u>

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, आदि कर्मयोगी अभियान प्रत्येक आदिवासी गाउँलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने उद्देश्यले शुरू गरिएको हो। आज नयाँ दिल्लीमा आदि कर्मयोगी अभियानमा राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो..................।
यो सम्मेलन जनजातीय कार्य मन्त्रालयद्वारा आयोजन गरिएको थियो। सम्मेलन जनजातीय ग्राम भिजन 2030 विचारबाट कार्यान्वयनसम्म केन्द्रित थियो। जनजातीय कार्य मन्त्री जुएल ओराम, जनजातीय कार्य राज्य मन्त्री, केन्द्र तथा राज्य सचिव लगायत अन्य कार्यक्रममा शामेल भए।

---------------------------------------X---------------------------------------

- <u>PM- Sri Lanka</u>

श्रीलंकाकी प्रधानमन्त्री डाक्टर हरिनी अमरसूर्याले आज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गर्नुभयो। श्री मोदीले उहाँलाई स्वागत जनाउँदै भन्नुभयो, उहाँको यात्राले ऐतिहासिक र बहुआयामी भारत-श्रीलंका सम्बन्धलाई नयाँ गति प्रदान गर्नेछ। श्री मोदीले यस वर्ष अप्रेलमा आफ्नो श्रीलंका यात्राको स्मरण गर्नुभयो। यात्राअवधि उहाँले श्रीलंकाई राष्ट्रपति अनुरा कुमारा दिसानायकासित सहयोगका सबै क्षेत्रमाथि उपयोगी चर्चा गर्नुभएको थियो।
दुवै नेताले शिक्षा, प्रौद्योगिकी, नवाचार विकास सहयोग र मछुवाराहरूको कल्याणसहित धेरै क्षेत्रमा सहयोगलाई दह्रिलो बनाउने उपायमाथि चर्चा गर्नुभयो।
यसैक्रममा, मिस्रका विदेश मन्त्री डाक्टर बद्र अब्देलतीले आज प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गर्नुभयो। प्रधानमन्त्रीले गाजा शान्ति समझौतामा मिस्रको महत्त्वपूर्ण

भूमिकाका लागि राष्ट्रपति अब्देल फतह अल सीसी-लाई बधाई दिनुभयो अनि यसबाट क्षेत्रमा स्थायी शान्ति स्थापित हुने आशा व्यक्त गर्नुभयो। विदेश मन्त्री अब्देलतीले प्रधानमन्त्री श्री मोदीलाई उहाँको यात्राअवधि आयोजित हुने पहिलो भारत-मिस्र रणनीतिक वार्ताको बारेमा जानकारी दिनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Rajnath-fighter jet</u>

रक्षा मन्त्री राजनाथ सिंहले हिन्दुस्तान एयरोटिक्स लिमिटेडको नासिक उत्पादन एकाईमा बनिएको पहिलो तेजस LCA-MK १A लडाकू जेट विमानको आज अनावरण गर्नुभयो। यस अवसरमा रक्षा मन्त्रीले HTT-४० प्रशिक्षु विमान बनाउने एकाईको शुभारम्भ गर्नुभयो।
उहाँले रक्षा उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै भन्नुभयो, सबै रक्षा उपकरणको निर्माण देशभित्र गर्नु भारतको संकल्प हो। रक्षा मन्त्रीले भन्नुभयो, वर्ष 2014 अघि पैंसटदेखि सत्तरी प्रतिशत रक्षा उपकरण आयात गरिन्थ्यो भने अहिले लगभग पैंसट प्रतिशत यस्ता उपकरण घरेलू स्तरमा निर्मित गरिँदैछ।

--------------------------------------X--------------------------------------

- <u>Amit Shah-Bihar</u>

गृह मन्त्री तथा वरिष्ठ भारतीय जनता पार्टी नेता अमित शाहले बिहारको सारणमा पार्टीको चुनाउ अभियानको शुरूवात गर्नुभयो। उहाँले ऱ्यालीमा आज तरैयाका विधायक जनक सिंह र अमनौरका उम्मेदवार कृष्णकुमार मन्टूको पक्षमा समर्थन जुटाउनुभयो। सारणको तरैयामा एउटा जनसभालाई सम्बोधन गर्दै, श्री शाहले विगत दुई दशकमा राज्यमा कानून-व्यवस्था बहाल गरेकोमा मुख्यमन्त्री नीतीश कुमारको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, NDA-ले नीतीश कुमारको नेतृत्वमा चुनाउ लड्िरहेछ।
श्री शाहले विगत एघार वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीको योगदानमाथि पनि जोड़ दिनुभयो र गरीबहरूका लागि वरदान बताउनुभयो। उहाँले अपरेशन सिन्दूरलाई आतंकवाद विरूद्ध एउटा ठूलो कार्यवाही बताउनुभयो।
यसअघि, आज श्री शाहले बिहारका मुख्यमन्त्री श्री नीतीश कुमारसित उहाँको आवासमा बैठक गर्नुभयो। बिहार विधानसभा चुनाउ छह र एघार नोभेम्बरमा दुई चरणमा हुनेछ। चुनाउको परिणाम चौध नोभेम्बरमा घोषित गरिनेछ।

--------------------------------------X--------------------------------------

- EC Enforcement Bihar

चुनाउ आयोगले आज आगामी बिहार विधानसभा चुनाउअवधि नकद, नशालु पदार्थ, मादक पदार्थ र अन्य प्रलोभनका घटनाहरू हुन नदिने उद्देश्यले प्रवर्तन एजेन्सीका प्रमुखहरूसित एउटा बैठक गऱ्यो। नयाँ दिल्लीस्थित निर्वाचन सदनमा बैठकको आयोजन गरियो। यसअवधि, मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारले चुनाउ आयुक्त डाक्टर सुखबीर सिंह सन्धू र डाक्टर विवेक जोशीसित कानून प्रवर्तन एजेन्सीहरूलाई चुनाउअवधि सक्रिय र निवारक कार्यवाही सुनिश्चित गर्नमा उनीहरूको भूमिकाको बारेमा जागरूक गराउनुभयो। आयोगले एउटा बयानमा भनेको छ, विभिन्न एजेन्सीहरूले प्रलोभन मुक्त चुनाउ सुनिश्चित गर्न आफ्नो तयारी, चालिएका पहल र प्रस्तावित पहलबारे आयोगलाई जानकारी दिए।

--------------------------------------X--------------------------------------

- Assocham

सड़क परिवहन एवं राजमार्ग मन्त्री नितिन गडकरीले भन्नुभयो, भारतको लजिस्टिक्स लागत देशको सकल घरेलू उत्पादको सोल्ह प्रतिशतबाट घटेर वर्षको अन्तसम्ममा सिङ्गल डिजिटमा आउनेछ। श्री गडकरीले आज नयाँ दिल्लीमा एसोचैमको वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो, भारतको लजिस्टिक्स लागत वर्तमानमा अमेरीका र चीन जस्ता आफ्ना केही प्रमुख प्रतिस्पर्धिहरूभन्दा अधिक छ। यसको कारण नै निर्यात बाधित भएको छ। श्री गडकरीले भन्नुभयो, निर्यात बढ़ाउनु देशका लागि सबैभन्दा महत्त्वपूर्ण एजेन्डा हो। यसका लागि लजिस्टिक्स लागत कम गरेर, परिवहन सुविधामा सुधार गरेर अनि स्वदेशी उत्पादनलाई बढ़ावा दिएर नै प्राप्त गर्न सकिन्छ।
यसैक्रममा, नयाँ दिल्लीमा एसोचैमको वार्षिक सम्मेलन र एक सय पाँचौं वार्षिक आम बैठकलाई सम्बोधन गर्दै केन्द्रिय वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, हालका वर्षहरूमा भारतमा महत्त्वपूर्ण परिवर्तन आएको छ। अब यसले दह्रिलो स्थितिमा कुराकानी गर्दछ। यसले देशको बढ्दो आर्थिक आत्मविश्वास र वैश्विक कदलाई दर्शाउँदछ। श्री गोयलले भन्नुभयो, आज विश्व भारतलाई एक महत्त्वपूर्ण व्यापारिक साझेदार र काम गर्नका लागि एउटा विश्वसनीय देशका रूपमा पहचान गर्दछ।

--------------------------------------X--------------------------------------

- <u>Punjab-DIG-Custody</u>

चन्डीगढमा केन्द्रिय अन्वेषण अभिकरण (CBI)-को एउटा अदालतले आज पञ्जाब पुलिसको रूपनगर रेञ्जको उप-महानिरीक्षक हरचरण सिंह भुल्लरलाई एउटा हाई-प्रोफाइल भ्रष्टाचार मामिलामा पक्राउपछि चौध दिनको न्यायिक हिरासतमा पठाएको छ। IPS अधिकारी र एकजना बिचौलिया किरशनु शारदालाई हिजो पक्राउ गरिएको थियो। उनीमाथि एकजना कबाड़ी व्यापारीसित उनी विरूद्ध दर्ता भएको एउटा पुरानो पुलिस मामिला संधैका निम्ति समाधानको बदलामा व्यापारीबाट आठ लाख रूपियाँ घुश लिएको आरोप छ। पक्राउपछि CBI-ले भुल्लरको चन्डीगढ निवासमा छापा मार्यो अनि लगभग पाँच करोड़ रूपियाँ नकद, डेढ़ किलोग्राम महंगो आभूषण, अचल सम्पत्तिसित सम्बन्धित दस्तावेज, धेरै हथियार र गोलाबारूद जब्त गर्‍यो।

--------------------------------------X--------------------------------------

- <u>Gujarat Cabinet</u>

गुजरातमा भाजपा नेतृत्वाधिन सरकारले आज नयाँ मन्त्रीमण्डलको घोषणा गर्‍यो। हर्ष सांघवीले राज्यका उपमुख्यमन्त्री पदको शपथ लिनुभयो। राज्यपाल आचार्य देवव्रतले गान्धीनगरको महात्मा मन्दिरमा आयोजित एक समारोहमा एक्काइसजना मन्त्रीलाई पद र गोपनीयताको शपथ दिलाउनुभयो। यस अवसरमा मुख्यमन्त्री भूपेन्द्र पटेल र भाजपा राष्ट्रिय अध्यक्ष जेपी नड्डा उपस्थित हुनुहुन्थ्यो।

नयाँ मन्त्रीहरूमा एकजना उप-मुख्यमन्त्री, पाँचजना क्याबिनेट मन्त्री, तीन स्वतन्त्र प्रभार राज्य मन्त्री र बाह्रजना राज्य मन्त्री शामेल छन्। नयाँ मन्त्री परिषदमा रिवाबा जडेजासहित तीनजना महिला नेता शामेल छन्। मुख्यमन्त्री श्री भूपेन्द्र पटेललाई छाड़ेर सबै राज्य मन्त्रीमण्डलले हिजो राजिनामा दिएका थिए।

--------------------------------------X--------------------------------------

- <u>PLI- White Goods</u>

सरकारले उत्पादन आधारित प्रोत्साहन योजनाअन्तर्गत व्हाइट गुड्स-एयरकन्डीशनर र LED लाइट्सका लागि चौथो चरणको आवेदनको अवधि अघिल्लो महिनाको दश तारिकसम्म बढ़ाएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले भनेको छ, उद्योगबाट प्राप्त राम्रो प्रतिक्रिया र योजनाप्रति निवेशमा बढ्दो रूचिलाई ध्यानमा राख्दै यो तारिक बढ़ाइएको हो। 2021-मा शुरू गरिएको यस योजनाको उद्देश्य घरेलू विनिर्माणलाई प्राथमिकता दिनु, स्वदेशी वस्तुहरूलाई प्रोत्साहित गर्नु र भारतको वैश्विक

प्रतिस्पिर्धात्मकतालाई दह्रिलो बनाउनु हो। योग्य आवेदकले आफ्नो आवेदन अनलाइन PLI-को माध्यमबाट जमा गर्न सक्नेछन्।

---------------------------------------X---------------------------------------

- UIDAI - mascot symbol

भारतीय विशिष्ट पहिचान प्राधिकरण (UIDAI)-ले देशका रचनात्मक व्यक्तिहरूलाई आधारको शुभंकर प्रतिक बनाउनका लागि आमन्त्रित गरेको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्रालयले एउटा बयानमा भनेको छ, यस प्रतियोगिताका लागि आवेदन एकतीस अक्टोबरसम्म MyGov पोर्टलमा खुल्ला रहनेछ। प्रतियोगिताको उद्देश्य एउटा अनौठो र यादगार शुभंकर बनाउनु हो, जसले आधारको विश्वास, समावेशिता, सशक्तिकरण र डिजिटल नवाचार जस्ता मूल मूल्यलाई दर्शाउँदछ। मन्त्रालयले भनेको छ, शुभंकर प्रतिकले सबै आयु वर्गका लागि संचारलाई अधिक प्रासंगिक र आकर्षक बनाउनेछ।

---------------------------------------X---------------------------------------